सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# स्वतः प्रकाशन (Proactive Disclosure)

# आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक (२०८२ कार्तिक देखि पौष) अवधिमा सम्पादित क्रियाकलापहरूको विवरण

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

## पर्यटन कार्यालय

धरान,सुनसरी

# विषय सूची


१. कार्यालयको स्वरुप र प्रकृति ........ 1

२. कार्यालयको काम, कर्तव्य र अधिकार ........ 1

३. कार्यालयको संगठन संरचना ........ 2

४. कार्यालयबाट प्रदान गरिने सेवाहरू ........ 3

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ........ 4

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर ........ 4

७. कार्यालयबाट सम्पादित दर्ता नवीकरण लगायतका कामहरू ........ 5

८. कार्यालयबाट सम्पादित प्रवर्द्धनात्मक कामहरु ........ 6

९. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी ........ 6

१०. ऐन, नियम, कार्यविधि,मार्गदर्शनको सूची ........ 7

११. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण ........ 7

१२. कार्यालयको वेबसाइट र ईमेल ........ 8

१३. सामाजिक सञ्जाल उपस्थिति ........ 8

१५. कार्यालयको सूचनाहरू ........ 8

१६. कार्यालयबाट सम्पन्न विविध कार्यक्रमहरुको फोटोहरु ........ ९

## १. कार्यालयको स्वरुप र प्रकृति


कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहेको यस पर्यटन कार्यालय धरानको कार्यक्षेत्र भित्र कोशी प्रदेशको १० जिल्ला (सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, संखुवासभा, भोजपुर, धनकुटा, तेह्रथुम, मोरङ र सुनसरी) पर्दछन्। पर्यटनसँग सम्बन्धित व्यवसायहरूको दर्ता, नवीकरण तथा व्यावसायिक क्षेत्र, व्यवसायमा आवद्ध जनशक्तिको क्षमता विकासका लागि यस कार्यालयले कार्य गर्दछ। यस कार्यालयले विशेष गरी २ प्रकारका पर्यटन व्यवसाय होमस्टे दर्ता, नवीकरण, खारेजी र ट्राभल एजेन्सीहरुको ईजाजत जारी गर्ने, नवीकरण र खारेजी लगायतका कामहरु गर्दछ। नयाँ-नयाँ पर्यटकीय गन्तव्यहरू पहिचानका लागि सरोकारवालाहरूसँग छलफल तथा अध्ययन अवलोकन गरी तिनको प्रचार प्रसार तथा प्रवर्धन गर्नु समेत यस कार्यालयको उद्देश्य हो। आफ्नो कार्यक्षेत्र भएका १० जिल्लामा पर्यटकीय गतिविधिहरूलाई प्रोत्साहन, नियमन तथा अनुगमन गर्ने यस कार्यालयको प्रमुख कार्य हो।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

पर्टयन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७ र होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही यस कार्यालयको देहायमा उल्लिखित काम, कर्तव्य रहेको छ।

- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा होमस्टे दर्ता, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूको इजाजत जारी, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- पर्यटन व्यवसायीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरू सञ्चालन गर्ने,
- पर्यटन व्यवसायीहरुको लागि सहयोग प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने,
- पर्यटन व्यवसायीहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने,
- पर्यटन व्यवसायीहरुलाई आवश्यकता अनुसार परामर्श प्रदान गर्ने,
- पर्यटन प्रवर्धन तथा प्रचारप्रसार गर्ने।

## ३. कार्यालयको संगठन संरचना




| क्र.सं. | पद | श्रेणी/तह | सेवा, समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | सातौं/आठौं | प्रशासन, सा.प्र. | १ | १ | ० |
| २ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन, सा.प्र. | २ | २ | ० |
| ३ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन, लेखा | १ | १ | ० |
| ४ | ह.स.चा. | तह विहीन | | १ | ० | १ |
| ५ | कार्यालय सहयोगी | तह विहीन | | २ | २ | ० |
| | **जम्मा** | | | ७ | ६ | १ |

अनुसूची-४

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन कार्यालय, धरान

अस्थायी दरबन्दी तेरिज

| क्र.स. | दरबन्दीको विवरण | | आ.व. ०८१/८२ को स्वीकृत दरवन्दी संख्या | आ.व. ०८२/८३ को दरवन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पद, नाम | श्रेणी/तह, सेवा/समूह | | थप | घट | जम्मा | |
| १. | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (कार्यालय प्रमुख) | ७-८, (प्रशासन/सा.प्र) | १ | ० | ० | १ | स्थायी |
| २. | नायब सुब्बा/सहायक अधिकृत | ५-६, (प्रशासन/सा.प्र.) | २ | ० | ० | २ | स्थायी |
| ३. | लेखापाल/सहायक अधिकृत | ५-६, (प्रशासन, लेखा) | १ | ० | ० | १ | स्थायी |
| ४. | ह.स.चा. | आधारभूत | १ | ० | ० | १ | करार |
| ५. | कार्यालय सहयोगी | आधारभूत | २ | ० | ० | २ | करार |
| जम्मा | | | ७ | ० | ० | ७ | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवाहरू

यस कार्यालयबाट कोशी प्रदेशका मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लामा देहाय बमोजिमका सेवाहरू प्रदान गरिन्छ।

- होम्सटे (घरबास) को दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजत जारी, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरु,
- होमस्टे सम्बन्धी विभिन्न तालिम तथा परामर्श।

## **५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी**

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | कार्यालय प्रमुख | भिषम राई (वरिष्ठ शाखा अधिकृत) |
| २ | प्रशासन शाखा | केशव प्रसाद फुयाल (सहायक अधिकृत) |
| ३ | पर्यटन प्रवर्धन शाखा | उपेन्द्र बहादुर श्रेष्ठ (सहायक अधिकृत) |
| ४ | आर्थिक प्रशासन शाखा | रेवती प्रसाद कट्टेल (सहायक अधिकृत लेखा) |

## **६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर**

यस कार्यालयबाट प्रदान गरिने सेवाहरू प्राप्त गर्दा लाग्ने दस्तुरहरू *पर्यटन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७, होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७, प्रदेश आर्थिक ऐन, २०८१* मा तोकिएको बमोजिम हुनेछ। जस अनुसार

होमस्टे दर्ताका लागि

- निजी होमस्टेको हकमा रु. २,०००/-
- सामुदायिक होमस्टेको हकमा रु. ५,०००/-

होमस्टे नवीकरणका लागि

- निजी होमस्टेको हकमा रु. ५००/-
- सामुदायिक होमस्टेको हकमा रु. १००/- प्रति घरका दरले हुन आउने एकमुष्ट रकम

ट्राभल तथा ट्रेकिङ एजेन्सीको लागि

- इजाजतपत्रको लागि रु- १८,०००/-
- नवीकरणको लागि रु. १०,०००/-

## ७. कार्यालयबाट सम्पादित दर्ता नवीकरण लगायतका कामहरू

यस कार्यालयबाट चालु आ.व. को पहिलो त्रैमासिक अवधिमा सम्पादित दर्ता नवीकरण सम्बन्धी कामहरू देहाय बमोजिम रहेका छन्।

| क्रियाकलाप | होमस्टे | | | ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी | | |
|---|---|---|---|---|---|---|
| | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | जम्मा | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | जम्मा |
| दर्ता | १ | १ | **२** | १ | १ | **१** |
| नवीकरण | ५ | ० | **५** | ७ | ४ | **११** |
| अनुगमन | ८ | ७ | **१५** | ३ | ० | **३** |
| खारेज | ० | ० | **०** | ० | ० | **०** |
| तालिम | ० | ० | **०** | ० | ० | **०** |

## ८. कार्यालयबाट सम्पादित प्रवर्द्धनात्मक कामहरु

यस कार्यालयबाट यस अवधिमा पर्यटन प्रवर्द्धन सम्बन्धी गरिएका प्रवर्द्धनात्मक कामहरु देहायबमोजिम रहेका छन्।

क) नेपाल भारतमैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव बिराटनगर (मितिः २०८२/०७/२२) आयोजक- अप्पन बिराटगढ परोपकार समाज बिराटनगरसँगको सहकार्यमा सम्पन्न।

ख) उदयपुर जिल्लाका पर्यटन व्यावसायीहरुसँगक अन्तरक्रिया कार्यक्रम मिति २०८२/०९/०३ सम्पन्न।

ग) यातायातकर्मीमा पर्यटकमैत्री भावना विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०८२/०९/०८ मा धरान र मिति २०८२/०९/०९ मा ईटहरीमा सम्पन्न।

घ) स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धनका लागि जिल्ला साइक्लिङ संघ उदयपुरसँग मिति २०८२/०९/१३ मा सम्झौता गरिएको।

ङ) प्याराग्लाइडिङ प्रतियोगिता कार्यक्रम संचालनको लागि नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ उदयपुरसँग मिति २०८२/०९/१३ गते सम्झौता गरिएको।

च) होमस्टे महासंघ नेपाल कोशी प्रदेशसँग मिति २०८२/०९/२२ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न।

छ) सामाजिक संजाल मार्फत प्रचार प्रसार गर्न मिति २०८२/०९/२३ गते कल कर्णाली एडभेन्चर ट्रेक्स एण्ड एक्सपिडसन प्रा.ली.(सिर्जना सिज्जु भ्लगर) सँग सम्झौता गरिएको।

ज) पर्यटकीय क्षेत्र सुनसरी बोराबाँधमा सरसफाइ र सौन्दर्यकरणका लागि बराहक्षेत्र न.पा.सँग मिति २०८२/०९/२५ मा सम्झौता गरिएको।

झ) कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम मिति २०८२/०९/२६ देखी कोशी पंक्षी समाजसँगको सहकार्यमा कोशी टप्पु र आसपासका क्षेत्रहरुमा संचालन भएको।

ञ) क्लिन भिलेज ग्रिन भिलेज मार्फत पर्यटन प्रवर्द्धन मिति २०२२/०९/२८ देखी ३० गतेसम्म चैनपुर नगरपालिका संखुवासभासँगको सहकार्यमा चैनपुरमा सम्पन्न।

ट) पर्यटन कार्यालयमा सूचना केन्द्र सुदृढीकरण अन्तर्गत सुनसरीको भाणटाबारी र पर्यटन कार्यालय धरानमा रहेको डिजिटल डिस्प्ले बोर्डमा रंगरोगन तथा छाना लगाउने कार्य सम्पन्न।

## ९. कार्यालय प्रमुख, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी

कार्यालय प्रमुख : भिषम राई (९८५२०६२७८७)
सूचना अधिकारी : उपेन्द्र बहादुर श्रेष्ठ (९८४२१०८८०५)

गुनासो सुन्ने अधिकारी : उपेन्द्र बहादुर श्रेष्ठ (९८४२१०८८०५)

## १०. ऐन, नियम, कार्यविधि,मार्गदर्शनको सूची

कार्यालयद्वारा सम्पादन गरिने कार्यहरू तथा प्रवाह गरिने सेवाहरूसँग सम्बन्धित प्रमुख ऐन, नियम तथा कार्यविधिहरू देहाय बमोजिम रहेका छन्।

(क) पर्यटन विकास ऐन, २०७६
(ख) पर्यटन विकास नियमावली, २०७७
(ग) होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
(घ) पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
(ङ) कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०८२

## ११. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण

यस कार्यालयबाट पहिलो त्रैमासिकमा भएका आर्थिक कारोबार सम्बन्धी विवरण देहाय अनुसार रहेका छन्।

बजेट उपशीर्षकः ३२९०४०१२३ चालुतर्फ

| वार्षिक बजेट | अघिल्लो त्रैमासिक सम्मको खर्च | यस त्रैमासिकको खर्च | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| २,१९,४९,०००.०० | १५,८०,०९२.०० | २५,६४,१२३.०० | ४१,४४,२१५.०० | १,७८,०४,७८५.०० |

बजेट उपशीर्षकः ३२९०४०१२४ पूँजीगततर्फ

| वार्षिक बजेट | अघिल्लो त्रैमासिक सम्मको खर्च | यस त्रैमासिकको खर्च | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ३,००,००.०० |

दर्ता नवीकरणबाट प्राप्त राजस्वः

| राजस्व शीर्षक | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | कुल जम्मा |
|---|---|---|---|
| १४२१९ अन्य सेवा शुल्क तथा विक्री | ०.०० | ०.०० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,०००.०० | ४,०००.०० | ६,०००.०० |
| १४२५३ व्यवसाय रजिस्ट्रेशन दस्तुर | १,०६,१५०.०० | ४२,०००.०० | १,४८,१५०.०० |
| **जम्मा** | **१,०८,१५०.००** | **४६,०००.००** | **१,५४,१५०.००** |

## १२.  कार्यालयको वेबसाइट र ईमेल

वेबसाइट : **https://tourismdharan.koshi.gov.np**

ईमेल : **tourismdharan@gmail.com**

## १३.  सामाजिक सञ्जाल उपस्थिति

फेसबुक लिङ्कः **https://www.facebook.com/profile.php**

## १५. कार्यालयको सूचनाहरू

यस कार्यालयको सूचनाहरू कार्यालयको सूचना पाटी बाहेक कार्यालयको आधिकारिक वेबसाइट https://tourismdharan.koshi.gov.np मा समेत प्रकाशन गर्ने गरिएको।

## १६. कार्यालयबाट सम्पन्न विविध कार्यक्रमहरुको फोटोहरु



नेपाल भारतमैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव बिराटनगर






यातायातकर्मीमा पर्यटकमैत्री भावना विकास सम्बन्धी कार्यक्रम





होमस्टे महासंघ नेपाल कोशी प्रदेससँगको अन्तरक्रिया कार्यक्रम






बोराबाँध सौन्दर्यकरण विषयमा बराहक्षेत्रमा गरिएको समन्वय बैठक र अनुगमन








क्लिन भिलेज ग्रिन भिलेज कार्यक्रम चैनपुर




सामाजिक संजालमार्फत प्रचार प्रसारका लागि सम्झौता




डिजिटल डिस्प्ले बोर्ड रंगरोकन भाण्टाबारी र धरान



